## कार्यपालिका बैठक संख्या - २०१ औं बैठक

आज मिति २०८३।०३।२४ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | — |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

१ सुचना ज्ञवाली सू.प्र.अ. Gyawali

२ शान्ति आचार्य क.ले.

बैठकका एजेन्डा:

१) अघिल्लो २००औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) चालु आ.व. २०८२/०८३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा,
३) योजना तथा कार्यक्रमको म्याद थप सम्बन्धमा,
४) बेरुजु नियमित गर्ने सम्बन्धमा,
५) O & M स्वीकृत सम्बन्धमा,
६) तलब भत्ता वृद्धि सम्बन्धमा,
७) कर्मचारीको म्याद थप सम्बन्धमा,
८) निर्णय अनुमोदन सम्बन्धमा,
९) खर्च अनुमोदन सम्बन्धमा,
१०) विविध
   क) सद्भावना दूत नियुक्ति सम्बन्धमा,
   ख) काज फिर्ता सम्बन्धमा,
   ग) प्रतिवद्दता सम्बन्धमा,
   घ) राहत तथा सहयोग सम्बन्धमा,

निर्णयहरु:

१) अघिल्लो २००औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) पूर्वखोला गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३/०४/१५ गतेका दिन गाउँ कार्यपालिकाको कार्यालयको प्राङ्गणमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

३) पूर्वखोला गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को ठेक्का प्रक्रियाद्वारा कार्यान्वयन गर्न लागिएको योजनाहरु मण्डली स्पोर्टस क्लब खेल मैदान अधुरो निर्माण, पूर्वखोला-१ सिलुवा पाल्पा र कार्यालय फर्निसिङ सम्पन्न गर्नका लागि ठेकेदारहरुले प्रतिबद्धता समेत पेश गरेकाले कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मितिबाट अधिकतम् २०० दिन प्रदान गर्न सकिने पर्ने प्रावधान बमोजिम नियमानुसारको पेनाल्टी बुझाई यथाशक्य चाँडो ( अधिकतम ६० दिन भित्र ) सम्पन्न गर्नेगरी कार्य गर्न निज ठेकेदारहरुलाई अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

४) महालेखा परीक्षकको कार्यालयबाट लेखा परिक्षण भई कायम भएका बेरुजुहरु मध्ये सार्वजनिक लेखा समिति एवं बेरुजु फछ्यौंट सहजीकरण समितिको प्रतिवेदनमा उल्लेख भएका सैद्धान्तिक तथा नियमित गर्नुपर्ने बेरुजुहरु गाउँ सभामा पेश गरी नियमित गराउने सर्वसम्मत निर्णय गरियो ।

५) गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन (O & M) प्रतिवेदनलाई गाउँसभाको २०औं अधिवेशनबाट स्वीकृत गराउनको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

६) गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत अनुदान शिक्षकहरुको रु. १०००।- ECD शिक्षकहरुलाई प्रोत्साहन वापत रु २०००।-, विद्यालय कर्मचारी (का.स.) को १५००।- तथा विद्यालय कर्मचारी (लेखा) को रु २५००।- का दरले आर्थिक वर्ष २०८२/०८३ मा खाईपाई आएको तलबमा वृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

७) गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गत रहेका वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत सम्पूर्ण करार कर्मचारीको कार्य सम्पादन सन्तोषजनक रहेको हुदाँ आर्थिक वर्ष २०८३/०८४ को साउन १ गते देखि पुष मसान्त सम्मको लागि करार सम्झौता नविकरण गर्न यस बैठकबाट पारित गरी गाउँ सभाको २० अधिवेशनमा अनुमोदनका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

८) आर्थिक वर्ष २०८२/०८३ को साउन महिना देखि असार मसान्त सम्म बसेको गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको जम्मा २५ वटा बैठकको निर्णय अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

९) आर्थिक वर्ष २०८२/०८३ को साउन महिनादेखि असार मसान्तसम्म प्रचलित कानुन तथा स्वीकृत बजेट एवं कार्यक्रम अनुसार भएका खर्चहरूको अनुमोदन गर्ने निर्णय गरियो।

१०) बिविध:

क) गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने परिप्रेक्ष्यमा गाउँपालिकामा बाल विवाह बढ्दो क्रममा रहेकाले बाल विवाह तथा बाल हिंसा विरुद्ध पैरवी गर्न तथा सचेतना फैलाउन एक जना प्रतिष्ठित व्यक्तित्वलाई बालमैत्री सद्भावना दूत नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) गाउँपालिकामा शिक्षा अधिकृत तथा शिक्षा सहायक पद रिक्त रहेको र उक्त रिक्त पदहरुमा कामकाज गर्नका लागि गाउँपालिका भित्र कार्यरत् शिक्षकहरु मध्ये ज्येष्ठतम् शिक्षक श्री लोकहरि देवकोटालाई शिक्षा अधिकृतका रुपमा एवं देव बहादुर जर्घालाई शिक्षा सहायकका रुपमा कामकाज गर्न काजमा झिकाईएकोमा निजहरुको कामकाजको प्रशंसा एवं उच्च मूल्याङ्कन गर्दै निज शिक्षक द्वयलाई दरबन्दी तथा पदाधिकार कायम रहेको विद्यालयमा काज फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो साथै यस गाउँपालिकाबाट रामपुर नगरपालिकामा काजमा सरुवा भई जानुभएका प्रा.स. श्री विक्रम बस्नेतलाई

राजु [illegible]ल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

काज फिर्ता गराउन पहल गर्ने र सरुवा सहमती समेत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) जिल्ला समन्वय समितिको च.न.३७४ मिति २०८३/०३/१८ गतेको पत्रानुसार सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश निर्माणका लागि जिल्ला घोषणा गर्नका लागि यस पूर्वखोला गाउँपालिकामा सडक आश्रित मानव नरहेकोले निकट भविष्यमै गाउँपालिकालाई सडक आश्रित मानवमुक्त गाउँपालिका भएको घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) गाउँ कार्यपालिकाको पूर्व निर्णयानुसार पूर्वखोला कन्स्ट्रक्सन कम्पनी प्रा.लि. पूर्वखोला-०३, पाल्पा र श्री कालिका बिन्दबाशिनी कन्स्ट्रक्सन एण्ड इञ्जिनियरिङ्ग प्रा.लि.,पाल्पालाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयलाई लेखी पठाईएकोमा निज कम्पनीहरुले अञ्जानवश त्यस्तो कार्य भएको र निजहरुबाट पुनः त्यस्तो कार्य नदोहोर्याउने प्रतिबद्धता व्यक्त गरेकाले निज कम्पनीहरुलाई कालो सूचिमा राख्न पुनः लेखी नपठाउने सर्वसम्मत निर्णय गरियो ।

ङ) पूर्वखोला गाउँपालिकालाई २०८६ भित्र बालमैत्री स्थानीय तह घोषणा गर्ने नीति अनुरुप पूर्वखोला गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्नका लागि "पूर्वखोला गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०८२" को दफा १५ (क) संसोधन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न गाउँपालिकाले एक (१) जना बाल कल्याण अधिकारी नियुक्त गर्नेछ भन्ने सट्टा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न गाउँपालिकाले एक (१) जना बाल कल्याण अधिकारी, एक(१) जना सहायक बाल कल्याण अधिकारी तथा आवश्यक संख्यामा बालमैत्री सहजकर्ता नियुक्त गर्नेछ तर यसरी नियुक्त हुने बालमैत्री सहजकर्ता एक वडामा एक भन्दा बढी हुने गरी नियुक्त गरिनेछैन भनी बनाउने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

च) पूर्वखोला गाउँपालिकाभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्ति तथा संस्थाबाट प्राप्त राहत तथा आर्थिक सहयोग सम्बन्धी निवेदन माथि आवश्यक निर्णय गर्ने।

तपसिल:

| क्र.स. | ब्यक्ति तथा संस्थाको नाम | ठेगाना | माग | उपलब्ध गराइएको सहयोग |
|---|---|---|---|---|
| १ | रश्मी ठाडा | पूर्वखोला-२, जल्पा | आर्थिक सहयोग | रु. १०,०००/- |
| २ | दिल बहादुर बारघरे लगायत कर्नेडाँडा बासीको संयुक्त निवेदन | पूर्वखोला-५ | २५ एम.एम.को ३०० मिटर खानेपानी पाइप | २५ एम.एम.को २०० मिटर खानेपानी पाइप |
| ३ | नेपाल आदिवासी जनजाती महासंघ | जिल्ला समन्वय परिषद्, पाल्पा | भवन स्तरोन्नतिका लागि आर्थिक सहयोग | रु.१०,०००/ |
| ४ | राजेन्द्र प्रसाद ढुंगाना | पूर्वखोला-३ | सिँचाईका लागि ५०mm को ६० मिटर पाईप | ३० मिटर |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

गुण बहादुर थापा
अध्यक्ष